स्थानीय सरकार
कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/८३
चलानी नं. १२८०
मितिः २०८३/०२/२८

स्थानीय सरकार
कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा

**विषय: नदीजन्य पदार्थको उत्खनन तथा संकलन मा रोक लगाइएको सम्बन्धी अत्यन्त जरुरी सूचना।**

यस गाउँपालिका क्षेत्रभित्र पर्ने विभिन्न नदी तथा खोलानालाबाट ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थहरुको उत्खनन हुँदै आएकोमा, मनसुन सुरु भएसँगै बाढी, पहिरो तथा नदी कटान जस्ता वातावरणीय र प्राकृतिक विपद्को जोखिम बढ्ने हुनाले प्रचलित **"ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"** र यस गाउँपालिकाको प्रचलित कानुन तथा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE/EIA) को प्रावधान अनुसार आगामी **आषाढ १ गतेदेखि** नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्य पूर्ण रुपमा निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

यसर्थ, सम्पूर्ण निर्माण व्यवसायी, ठेकेदार कम्पनी, ट्याक्टर तथा ट्रिपर धनी र सरोकारवालाहरूलाई निम्न अनुसार गर्न/गराउन सूचित गरिन्छ:

१. **उत्खनन तथा संकलनमा पूर्ण प्रतिबन्ध:** आषाढ १ गते पश्चात् गाउँपालिका भित्रका कुनै पनि नदी, खोलानाला वा तोकिएको क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन वा ओसारपसार गर्न पूर्ण रुपमा रोक लगाइएको छ।

२. **कारबाही तथा जरिवाना:** यस सूचनाको अटेरी वा बर्खिलाप गरी आषाढ १ गतेपछि लुकीछिपी वा गैरकानुनी ढङ्गले नदीजन्य पदार्थको उत्खनन, संकलन वा ओसारपसार गरेको पाइएमा प्रचलित कानुन बमोजिम प्रयोग भएका मेसिनरी औजार तथा सवारी साधन जफत गरी हदैसम्मको कारबाही र जरिवाना असुल उपर गरिनेछ।

वातावरण संरक्षण र विपद् न्यूनीकरणको यस संवेदनशील कार्यमा पूर्ण रूपले सहयोग पुऱ्याउनुहुन सम्पूर्ण वडा कार्यालयहरू, सुरक्षा निकाय (नेपाल प्रहरी), अनुगमन समिति, नागरिक समाज, पत्रकार तथा सम्पूर्ण गाउँपालिका बासी आमाबुवा तथा दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक अनुरोध गर्दछु।

२०८३/०२/२८

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**Email:** kaligandakiruralmunicipality@gmail.com, **Website:** www.kaligandakimunsyangja.gov.np